बैठक नं.

आज मिति २०८२।०९।१४ गतेका दिन यस ... गाउँपालिका अध्यक्ष श्री मंगल सिंह धामी ज्यूको अध्यक्षतामा बसेको ... गाउँकार्यपालिकाको बैठकमा तपसिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको प्रस्तावहरू माथि छलफल गरी निर्णयहरू गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री मंगल सिंह धामी | अध्यक्ष |
| २. | श्री विनोद सिंह कुँवर | उपाध्यक्ष |
| ३. | श्री अशोक सिंह बोहरा | १ नं. वडा अध्यक्ष |
| ४. | श्री विरन सिंह बुढाथोकी | २ नं. वडा अध्यक्ष |
| ५. | श्री उपेन्द्र सिंह धामी | ३ नं. वडा अध्यक्ष |
| ६. | श्री झुन सिंह बिष्ट | ४ नं. वडा अध्यक्ष |
| ७. | श्री विर सिंह धामी | ५ नं. वडा अध्यक्ष |
| ८. | श्री राजेन्द्र सिंह कुँवर | ६ नं. वडा अध्यक्ष |
| ९. | श्री अम्पाल सिंह बुढाथोकी | कार्यपालिका सदस्य |
| १०. | श्री आशमती वि.क. | कार्यपालिका सदस्य |
| ११. | श्री कलम राम भुल | कार्यपालिका सदस्य |
| १२. | श्री धाना देवी बम | कार्यपालिका सदस्य |
| १३. | श्री कलावती दहाल | कार्यपालिका सदस्य |
| १४. | श्री पुर्णिमा ऐतवाल | कार्यपालिका सदस्य |
| १५. | श्री कृष्णानन्द बडु | सदस्य सचिव |

<u>प्रस्तावहरु:</u>

१. प्रदेश समपुरक अनुदान अन्तर्गत माग गरिने योजना सम्वन्धमा।

२. प्रदेश विशेष अनुदान अन्तर्गत माग गरिने योजना सम्वन्धमा।

३. वडा कार्यालय स्थानान्तरण गर्ने सम्बन्धमा ।

४. योजनाको म्याद थप गर्ने सम्बन्धमा।

५. औषधी उपचार तथा आर्थिक सहयोग सम्बन्धमा।

६. कार्यक्रमको लागि बजेट माग सम्वन्धमा।

७. टोल विकास समिति दर्ता सम्बन्धमा।

८. सरसफाईकर्मीको व्यवस्थापन गर्ने सम्वन्धमा।

९. बजेट व्यवस्थापन सम्वन्धमा।

१०. विपन्न सुनौलो १००० दिनको महिलाहरुको पोषण सुधारको लागि आय-आर्जन अनुदान कार्यक्रम कार्यान्वयन तथा वडा छनौट सम्बन्धमा ।

११.जस्ता कर्कट पाताको व्यवस्थापन सम्बन्धमा ।

१२. बजेट रकमान्तर सम्वन्धमा।

१३. उजुरी प्रशासकको नियुक्ति मिलान सम्वन्धमा ।

१४. आवास विहिन विपन्न नागरिकका लागि निजि आवास निर्माण कार्यक्रमको लाभग्राही कायम गर्ने सम्वधमा।

१५. विद्यालय समायोजन सम्वन्धमा ।

१६. शिक्षक दरबन्दी मिलान सम्वन्धमा।

१७. विविध सम्वन्धमा।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि प्रदेश समपुरक अनुदान अन्तर्गत सुदुरपश्चिम प्रदेश समपुरक अनुदान कार्यविधि, २०८२ बमोजिम देहायका योजनाहरु छनौट गरि प्रदेश नीति तथा योजना आयोगमा पठाउने निर्णय सर्वसम्मत पारित गरियो ।

**तपसिल**

| क्र.सं | प्रमुख क्षेत्र | योजनाको नाम | प्राथमिकता क्रम | बजेट | नया/क्रमागत | लागत साझेदारी | अवधि | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | शैक्षिक पूर्वाधार | सिद्ध मा.वि. सिना भवन निर्माण ब्याँस गा.पा.-३ | १ | प्राविधिक लागत अनुमान बमोजिम | नयाँ | २० प्रतिशत | १ वर्ष | |
| २. | सडक पूर्वाधार | राप्ला सडक निर्माण ब्याँस गा.पा.-२ | २ | | | | | |
| ३. | खानेपानी तथा सरसफाई | मेलपाटा खानेपानी ब्याँस-४ र भुलगाडा खानेपानी पूर्वाधा र निर्माण ब्याँस-५ | ३ | | | | | |

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि प्रदेश विशेष अनुदान अन्तर्गत सुदुरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८२ बमोजिम देहायका योजना / कार्यक्रमहरु छनौट गरि प्रदेश नीति तथा योजना आयोगमा पठाउने निर्णय सर्वसम्मत पारित गरियो ।

**तपसिल**

| क्र.सं | प्रमुख क्षेत्र | योजनाको नाम | प्राथमिकता क्रम | बजेट | नया/क्रमागत | अवधि | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि | आधारभूत स्वास्थ्य सेवा केन्द्र छाङ्गरु भौतिक पूर्वाधार निर्माण ब्याँस -१ र सुन्सेरा स्वास्थ्य चौकी बर्थिङ सेन्टर निर्माण ब्याँस-४ | १ | प्राविधिक लागत अनुमान बमोजिम | नयाँ | १ वर्ष | |
| २. | शैक्षिक विकासको लागि सेवाको गुगस्तर अभिबृद्धि | ब्याँस गाउँपालिकामा रहेका ६ वटै मा.वि.हरुमा शौचालय तथा खा.पा. निर्माण | २ | | | | |
| ३. | आर्थिक सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासका लागि सञ्चालन गरी उत्पादन र उत्पादकत्व वृद्धि एवं आयआर्जन तथा जीविको पार्जन सुधार | बाली भण्डारण घर निर्माण ब्याँस-३ | ३ | | | | |

कृष्णचन्द्र वडु
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विगत लामो समय देखि व्याँस गाउँपालिका वडा नं. २ ले सम्पर्क कार्यालय खलङ्गा दार्चुलामा खोली सेवा दिँदै आएकोमा २ नं. वडा कार्यालयको नवनिर्मित भवन गल्लामा विद्युत, खानेपानी लगायतका पूर्वाधारहरू निर्माणको कार्य सम्पन्न भइसकेकोले वडाबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी तथा जनमैत्री बनाउन खलङ्गामा रहेको २ नं. वडा कार्यालयलाई गल्लाको नवनिर्मित वडा कार्यालय भवनमा मिति २०८३ वैशाख मसान्त भित्र स्थानान्तरण गर्न सम्बन्धित वडालाई पत्राचार गर्ने निर्णय गरियो। साथै उक्त स्थानान्तरण कार्यका लागि आवश्यक समन्वय तथा व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय सर्वसम्मत गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा व्याँस गाउँपालिका अन्तर्गत कार्यान्वयन भइरहेका तपसिल बमोजिमका योजनाहरू विविध कारणले समयमै सम्पन्न हुन नसकेकोले म्याद थपको लागि यस कार्यालयमा निवेदन पेश हुन आएकोले उक्त योजनाहरूको तपसिल बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

| क.स. | योजनाको नाम | म्याद थप गरिएको अवधी | कै. |
|---|---|---|---|
| १ | गैर गोरीया खलो पि.सि.सि. वडा नं. ४ | मिति २०८३ जेठ १५ | |
| २ | पासाभाट मन्दिर निर्माण व्याँस-६ | मिति २०८३ वैशाख २० | |
| ३ | बहुगाउँ देखि ठुल्धारसम्म धौरेठो बाटो निर्माण व्याँस-६ | मिति २०८३ जेठ १० | |
| ४ | नयाँबस्ती खा.पा. मडगाउँ वडा नं. ४ | मिति २०८३ जेठ १५ | |
| ५ | साईटमधार खानेपानी ट्याङ्की मर्मत वडा नं. ४ | | |
| ६ | सिमार खा.पा. वडा नं. ४ | | |
| ७ | हरिचन मन्दिर निर्माण मडँगाउँ वडा नं. ४ | | |

निर्णय नं ५. प्रस्ताव नं ५ माथी छलफल गर्दा यस व्याँस गाउँपालिकाको कार्यालयमा औषधि उपचार खर्च /आर्थिक सहयोगका लागि पेश भएका निवेदनहरु मध्ये तपसिल बमोजिमका स्थानीयहरुलाई तपसिल बमोजिम औषधि उपचार खर्च शिर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

| क.सं | नाम थर | ठेगाना | रोगको किसिम | रकम | कै |
|---|---|---|---|---|---|
| १ | कुन्दन सिंह भण्डारी | व्याँस २ | खुट्टा भाचिएको | २५,००० | |
| २ | श्रीमती मन्ती बोहरा | व्याँस १ | मुटु सम्बन्धी रोग | ५०,००० | |
| ३ | नर सिंह बिष्ट | व्याँस ६ | क्यान्सर | ५०,००० | |
| ४ | कलावती कामी | व्याँस ४ | - | ५,००० | आर्थिक सहयोग |
| ५ | यसोदा भण्डारी | व्याँस २ | - | १०,००० | आर्थिक सहयोग |
| ६ | प्रेम सिंह धामी | व्याँस ४ | मुटुरोग, क्यानसर | १०,००० | |
| ७ | तारादत्त बडू | व्याँस ४ | फोक्सो | १२,००० | |
| ८ | श्रीमती आशा बोहरा बिष्ट | व्यास-५ | | २५,००० | |

कृष्णानन्द बडू
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | धर्मानन्द भट्ट | ब्याँस ६ | - | १०,००० | आर्थिक सहयोग |

<u>निर्णय नं. ६</u>

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि ब्याँस गाउँपालिका वडा नं. ३ मा सञ्चालन हुने आलुबाली ब्लक विकास कार्यक्रमको लागि लागत अनुमान बमोजिम रु ५५,२४,००० बजेट मागको लागि कृषि पशुपन्छी वन तथा वातारण मन्त्रालय काठमाडौंलाई सिफारिस गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ७</u>

प्रस्ताव नं. ७ माथि छलफल गर्दा टोल विकास समिति ब्याँस-५ धौलाकोट, नाजी दर्ताको लागि समितिको विधान सहित यस कार्यालयमा निवेदन पेश भई कार्यपालिकामा छलफल भएकोले उक्त समिति यस कार्यालयमा दर्ताको लागि प्रशासन शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

<u>निर्णय नं. ८</u>

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सुन्सेरा स्वास्थ्य चौकीमा कार्यरत स्वीपर जसमती कुवरले आफ्नो व्यक्तिगत कारणले राजिनामा दिइसकेकोले स्वास्थ्य जस्तो संवेदनशिल क्षेत्रमा सरसफाईको लागि स्वीपर अतिआवश्यक भएको व्यहोरा खुलाई स्वास्थ्य चौकीबाट यस कार्यालयमा निवेदन पेश भएकोले उक्त स्वास्थ्य कार्यालयको लागि यथाशिघ्र १ जना स्वीपर पदको विज्ञापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

<u>निर्णय नं. ९</u>

प्रस्ताव नं. ९ माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं. २ राप्लाको दुम्लीङ्ग जैसे चौराधारमा 4G नेटवर्क विस्तारका लागि विद्युतीय पोल र आल्मुनियम तार ढुवानी गर्ने प्रयोजनार्थ ............. शिर्षकबाट रु ६०,००० वजेट विनियोजन गर्ने निर्णय गरियो।

<u>निर्णय नं. १०</u>

प्रस्ताव नं. १० माथि छलफल गर्दा विपन्न सुनौलो १००० दिनको महिलाहरुको पोषण सुधारको लागि आय-आर्जन अनुदान कार्यक्रम बजेट रु ७ लाख कार्यान्वयन ब्याँस गाउँपालिका वडा नं. ६ मा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

<u>निर्णय नं. ११</u>

प्रस्ताव नं. ११ माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं. २ तल्ला दुम्लीङ्ग बस्ने मति देवी भण्डारीले आफ्नो बासको लागि उचित घर नभइ छाप्रोमा बस्दै आएकोले जस्ता कर्कट पाता व्यवस्थापनका लागि यस कार्यालयमा दिएको निवेदन अनुसार निजलाई खर मुक्त कार्यक्रम वडा नं. २ बाट जस्ता कर्कटपाता व्यवस्थापन गर्ने निर्णय गरियो।

<u>निर्णय नं. १२</u>

प्रस्ताव नं. १२ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/८३ मा ब्याँस गाउँपालिका वडा नं. ३ मा कार्यान्वयन हुने स्वास्थ्य इकाइ कार्यालय व्यवस्थापन बजेट रु ५०,००० योजनाको रकम तुसरपानी टोलमा महादेव दम्फा निर्माण वडा नं. ३ योजनामा रकमान्तर गर्ने निर्णय गरियो।

<u>निर्णय नं. १३</u>

प्रस्ताव नं. १३ माथि छलफल गर्दा श्री पञ्चदेवा आ.वि. सुन्सेरामा कार्यरत सहजकर्ता शिक्षक कम्मान सिह कुवरलाई काजमा गाउँपालिकाको उजुरी प्रशासकको काम गराउदै आएकोले निजलाई मिति २०८३ जेठ देखि गाउँपालिकाको उजुरी प्रशासकको नियुक्ति दिई कामकाज गर्ने गराउने निर्णय गरियो।

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ मा आवास विहिन नागरिकका लागि निजि आवास निर्माण गर्ने प्रयोजनार्थ गत आ.व.मा उक्त कार्यक्रम अन्तर्गत योग्यताक्रम संख्या ३ र ४ मा परेका तपसिल बमोजिमका लाभग्राही कायम गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | गणेश टमटो | ब्याँस-५ | भाडामा बस्दै गरेको |
| २. | प्रताप राम कामी | ब्याँस-४ | आफ्नै जमिनमा टिनको टहरा बनाई बस्दै गरेको |

निर्णय नं. १५

प्रस्तावना नं १५ माथि छलफल गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गत वर्षमा सार्वजनिक गरेको तथ्याङ्क, विधालयको इमिसमा उल्लेखित विद्यार्थी विवरण तथा आ. व. २०८१।०८२ को यस कार्यालयको महालेखा प्रतिवेदनले उल्लेख गरे बमोजिम विद्यालयहरुमा विद्यार्थी संङ्ख्या एकदमै न्युन भई कुनै कक्षाहरु खाली रहने अवस्था सृजना भएको हुँदा नेपाल सरकारको शिक्षक दरवन्दी मिलान कार्ययोजना बमोजिम तथा ब्याँस गाउँपालिकाको दरबन्दी मिलान कार्यदलको अध्ययन पश्चात ब्याँस गाउँपालिका विद्यालय एकीकरण,तह समायोजन, प्र.अव्यवस्थापन, शिक्षक सरुवा तथा दरबन्दी मिलान कार्यविधि, २०८० बमोजिम ब्याँस गाउँपालिकामा रहेका विद्यालयहरु मर्ज, तह समायोजन तथा शिक्षक दरवन्दी मिलान कार्य तपसिल बमोजिम गर्ने निर्णय पारित गरियो।

तपसिलः

| क्र सं | वडा नं | समायोजित हुने विद्यालय | साबिकको तह र कक्षा | हाल कायम हुने कक्षा | कै. |
|---|---|---|---|---|---|
| १ | ६ | श्री हुस्कर आ वि खातीगाउँ | बालविकास | बसन्तपुर मा वि बसेडीमा मर्ज | विद्यालय मर्ज |
| २ | ६ | श्री गणेश आ वि बाननी | आधारभूत तह (कक्षा १-५) | कक्षा ३ सम्म | कक्षा समायोजन |
| ३ | ३ | श्री महादेब आ वि तुसरपानी | आधारभूत तह (कक्षा १-३) | सिद्ध मा वि सिनामा मर्ज | विद्यालय मर्ज |
| ४ | २ | श्री शिरसिन्धार आ वि राप्ला । | आधारभूत तह (कक्षा १-८) | कक्षा ३ सम्म | कक्षा समायोजन |

निर्णय नं. १६

प्रस्तावना नं १६ माथि छलफल गर्दा ब्याँस गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको तह समायोजन, विद्यालय मर्ज पश्चात विषयगत शिक्षक दरबन्दी मिलान कार्यका लागि ब्याँस गाउँपालिकाको दरबन्दी मिलान कार्यदलको अध्ययन पश्चात ब्याँस गाउँपालिका विद्यालय एकीकरण,तह समायोजन, प्र.अ.व्यवस्थापन, शिक्षक सरुवा तथा दरबन्दी मिलान कार्यविधि, २०८० अनुसार तपसिल बमोजिम शिक्षक दरबन्दी मिलान कार्य अगाडि बढाउने निर्णय पारित गरियो । साथै मर्ज गरिएका विद्यालयहरुको संरक्षण तथा जिम्मा सम्बन्धित समायोजन गरिएका विद्यालयहरुलाई दिने निर्णय गरियो ।

तपसिलः

| क स | शिक्षकको नाम | पद/ तह /श्रेणी | हाल कार्यरत विद्यालय | सरुवा पदस्थापन गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुनकला डडाल | प्राथमिक तह तृतीय | श्री महादेब आ वि तुसरपानी ब्याँस ३ | श्री सिद्ध मा वि सिना ब्याँस ३ | |
| २ | देब सिंह धामी | प्राथमिक तह तृतीय | श्री सिद्ध मा वि सिना ब्याँस ३ | श्री ब्रह्मस्थान मा वि डोकट | रिक्त स्थानमा सरुवा |
| ३ | रमेश दत्त भट्ट | निम्न माध्यमिक तृतीय | श्री शिरसिन्धार आ वि राप्ला ब्याँस २ | श्री हिमालय मा वि हुती ब्याँस ६ | |
| ४ | अशोक कुमार यादव | निम्न माध्यमिक तृतीय | श्री शिरसिन्धार आ वि राप्ला ब्याँस २ | श्री सर्बहित आ वि दुम्लिङ्ग ब्याँस २ | दरबन्दी थप |
| ५ | चन्दा बुढाथोकी | निम्न माध्यमिक तृतीय | श्री शिरसिन्धार आ वि राप्ला ब्याँस २ | श्री कैलाशपति आ वि छाडरु ब्याँस १ | काज सरुवा |
| ७ | राजु यादव अहिर | ~~निम्न~~ प्रा. ~~माध्यमिक~~ तह तृतीय | श्री शिरसिन्धार आ वि राप्ला ब्यास २ | श्री रानीस्थान आ वि माल ब्याँस २ | |
| ८ | नरेन्द्र सिंह बडाल | निम्न माध्यमिक तृतीय | श्री हिमालय मा वि हुती ब्याँस ६ | श्री ब्रह्मस्थान मा वि डोकट ब्याँस ४ | दरबन्दी थप |
| ९ | मन्जु डडाल | बालविकास | श्री महादेब आ वि तुसरपानी ब्याँस ३ | श्री सिद्ध मा वि सिना ब्याँस ३ | |
| १० | लक्ष्मी डडाल | कार्यालय सहयोगी | श्री महादेब आ वि तुसरपानी | श्री सिद्ध मा वि सिना ब्याँस ३ | |
| १० | जयसिह खाती | कार्यालय सहयोगी | श्री हुस्कर आ वि खातीगाँउ ब्याँस ६ | श्री बसन्तसपुर मा वि बसेडी ब्याँस ६ | |
| ११ | धन सिह विष्ट | कार्यालय सहयोगी | गिता भवन आ.वि. तिंग्रम | दुर्गास्थान मा.वि. श्याकु | |

**निर्णय नं.१७**

प्रस्तावना नं १७ (क) माथि छलफल गर्दा ब्याँस गाउँपालिकामा कार्यरत सहजकर्ता शिक्षकहरुलाई विद्यालयको माग विधार्थी संङ्ख्या तथा आवश्यकताका आधारमा तपसिल बमोजिम सरुवा गर्ने निर्णय पारित गरियो ।

तपसिल:

| क्र स | शिक्षकको नाम | कार्यरत विद्यालय | सरुवा गरिएको विद्यालय | पद |
|---|---|---|---|---|
| १ | भुपेन्द्र सिह कुँवर | श्री सम्पाल मा वि सुन्सेरा | श्री पञ्चदेवा आ वि दम्फा | सहजकर्ता शिक्षक |
| २ | कृष्ण सिह कुँवर | श्री सिद्ध मा वि सिना | श्री भूमिराज आ वि सल्याडी | सहजकर्ता शिक्षक |

**निर्णय नं.१८**

प्रस्ताव नं. १७ (ख) माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं २ मा रहेको श्री शिरसिन्धार आ.वि. राप्लामा विद्यार्थी संङ्ख्या न्यून भई तह समायोजन पश्चात उक्त विद्यालयमा शैक्षिकसत्र २०८३ मा कक्षा ४ देखि ८ सम्म अध्ययनरत विद्यार्थीहरुलाई अध्ययनरत विद्यालयको सिफारिसमा एक वर्षका लागि प्रतिविद्यार्थी सहजकर्ता शिक्षकहरुको त भ शिर्षकबाट वार्षिक रु २०,०००( बीस हजार मात्र) दिने निर्णय पारित गरियो ।

**निर्णय नं.१९**

प्रस्ताव नं. १७ (ग) माथि छलफल गर्दा ब्याँस गाउँपालिका प्रवक्ता श्री उपेन्द्र सिह धामीलाई आगामी आ.व. २०८३/०८४ को लागि बजेट मागको लागि संघीय सरकार र प्रदेश सरकार संग समन्वय गर्न धनगढी र काठमाडौ पठाउने निर्णय गरियो ।

**निर्णय नं.२०**

प्रस्ताव नं. १७ (घ) माथि छलफल गर्दा ब्याँस गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यविधि आधार तथा मापदण्ड,२०८३ सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१**

प्रस्ताव नं. १७ (ङ) माथि छलफल गर्दा भू-उपयोग ऐन,२०७६ को दफा २० बमोजिम स्थानीय भूउपयोग परिषदको कार्यमा सहयोग गर्न ब्याँस गाउँपालिकामा देहाय बमोजिमको एक भुउपयोग कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो।

**तपसिल**

१. मंगल सिह धामी(गा.पा. अध्यक्ष) - अध्यक्ष
२. सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य
३. महेश्वरी धामी(भौतिक पूर्वाधार शाखा प्रमुख) – सदस्य
४. नन्दन सिह धामी (अधिकृत प्रशासन) – सदस्य
५. करिश्मा घर्ती (कृषि शाखा प्रमुख) – सदस्य
६. सुरमती कुँवर ( ब्याँस गा.पा. वडा नं. ३) - सदस्य
७. जहेन्द्र सिह ऐतवाल (ब्याँस गा.पा. वडा नं. १) - सदस्य
८. भागरती खत्री(ब्याँस गा.पा. वडा नं. ४) – सदस्य
९. निर्मला धामी(ब्याँस गा.पा. वडा नं. ५) – सदस्य
१०.कृष्णानन्द वडू(प्र.प्र.अ.) - सदस्य सचिव

**निर्णय नं. २२**

प्रस्ताव नं. १७ (च) माथि छलफल गर्दा विद्युत सेवा अवरुद्ध भएको बेला सेवा प्रवाह गर्न निकै असहज अवस्था सिर्जना भएकोले ब्याँस गाउँपालिकाको कार्यालय सुन्सेराको लागि २ थान ब्याट्री ब्याक अप इन्भटर यथाशिघ्र खरिद गर्नुपर्ने देखिएकोले उक्त कार्यको लागि खरिद समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. २३**

प्रस्ताव नं. १७ (छ) माथि छलफल गर्दा ब्याँस गाउँपालिकाको १९ औं गाउँसभाको बैठकबाट मदन आश्रित भवन निर्माण ब्याँस ४ (क्रमागत) योजनाबाट रु ९ लाख रकम रकमान्तर गरी बाकी १ लाख रकम मात्र रहेकोले योजना कार्यान्वयन गर्न नसकिने अवस्था सिर्जना भएकोले आगामी गाउँसभाबाट उक्त योजनामा रु ८ लाख बजेट थप गर्ने प्रतिबद्धता गर्ने साथै हाललाई रु ९ लाख बजेटको सम्झौता प्रक्रिया अगाडी बढाउन योजना शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।